## आठबिसकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## आठबिसकोट, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

### आ.व. २०७८/०७९ को

# नीति तथा कार्यक्रम

## २०७८

नगर सभाको बैठकमा मिति २०७८ साल असार ०९ गते बुधवार नगर प्रमुख श्री गोर्ख बहादुर के.सी. ले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९
# को
# नीति तथा कार्यक्रम

आठविसकोट नगरपालिका

रुकुम(पश्चिम)

कर्णाली प्रदेश, नेपाल

२०७८

**प्रारम्भ**

कोभिड-१९ जस्तो शताब्दीकै सर्वाधिक त्रासदीपूर्ण महामारीको सामना गर्दै आर्थिक तथा सामाजिक जीवनका सबै पक्षहरुलाई पुन: गतिशिल बनाउन सकिने दृढ विश्वासका साथ आर्थिक वर्ष २०७८/०७९को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । यस अवसरमा यो महामारीबाट ज्यान गुमाउने ७ जना नगरवासी तथा देश भरी ज्यान गुमाउने करिव ९ हजार नागरिक प्रति हार्दिक श्रदान्जली व्यक्त गर्दछु । साथै शोकाकूल परिवारजनहरुमा गहिरो समबेदना व्यक्त गर्दछु ।

नेपालको संविधान (२०७२) ले स्थानीय तह गठन गरेपछिको पहिलो नगर कार्यपालिकाको यो पाँचौं तथा अन्तिम नीति तथा कार्यक्रम पेश गर्न उपस्थित भएको छु । यस अवसरमा लोकतान्त्रिक गणतन्त्रको स्थापना, समाबेशीता, स्वतन्त्रता, धर्मनिरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धीहरुको लागि आफ्नो जीवनको कुर्वानी गर्नुहुने जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनका महान सहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन ब्यक्त गर्दछु । सबै घाईते योद्धाहरु प्रति कृतज्ञता सहित उच्च सम्मान ब्यक्त गर्दछु । हामीलाई नगरको नेतृत्व गर्ने अवसर दिनुहुने तथा निरन्तर साथ र सहयोग गर्नुहुने सबै नगरबासीहरु प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

**माननिय सदस्य ज्यूहरु ,**

हामीले संघियता कार्यान्वयनको क्रममा आठविसकोट नगरको नेतृत्व गर्ने सु-अवसर प्राप्त गर्यौं । यो अवसरलाई नगरको हितमा प्रयोग गर्न हामीले अथक प्रयास निरन्तर जारी राखेका छौं । सर्वप्रथम म पहिलो नगरकार्यपालिकाको अन्तिम नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा विगत चार वर्षका नीति तथा कार्यक्रमको कार्यान्वयनको संक्षिप्त समिक्षा पेश गर्न चाहन्छु :-

**१) सामाजिक विकासको क्षेत्र**

**क. शिक्षा:-**

नेपालको संविधान(२०७२) अनुसार माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहमा हस्तान्तरण पश्चात नव निर्वाचित कार्यपालिकाले विगत ४ वर्षमा गरेका कामकारवाहीहरु फर्केर हेर्दा, वि.स.२०७४ मा स्थानीय सरकारको गठन हुदाँसम्म यस आठविसकोट नगरपालिकामा जम्मा ६१ वटा सामुदायिक विद्यालय, १ वटा क्याम्पस, १६ वटा नीजि विद्यालय गरि जम्मा ७७ विद्यालय र ५ वटा सामुदायिक अध्ययन केन्द्रहरु रहेका थिए । जसमा मा.वि.तह सञ्चालित १४ वटा, आ.वि.तह सञ्चालित ४६ वटा र १ वटा वाल विकास केन्द्र थिए । जसमध्येका १४ वटा अनुमति विनाका र २ वटा अनुमति प्राप्त निजी विद्यालयहरु रहेका थिए । वि.स.२०७४ को पहिलो विद्यालय अनुगमन प्रतिवेदनका अनुसार १४ वटा मा.वि.को लागि जम्मा १९ जना, ६ वटा नि.मा.वि.को लागि ३० जना र ४० वटा प्रा.वि. को लागि जम्मा १२१ जना र बाल विकास केन्द्रमा ३६ जना मात्र शिक्षक दरवन्दी रहेको थियो । सामुदायिक विद्यालयका १२,५०३ जना विद्यार्थीको लागि जम्मा २०२जना मात्र शिक्षकको व्यवस्था थियो । निजी स्रोतवाट व्ययभार

हुने गरी १५७ जना शिक्षक नगरपालिकाभित्रका सबैजसो सामुदायिक विद्यालयमा रहेका थिए । जसबाट वार्षिक करोडौं ऋण  समुदायमा थुपारिएको थियो । धेरै जसो समुदायले उक्त ऋण तिर्न नसक्दा थुप्रै विद्यालयहरुका निजीस्रोतमा कार्यरत शिक्षकहरु विद्यालयहरुबाट लाखौं रुपैयाँ पारिश्रमिक लिन नसकी उधारोमा वर्षौं देखि कार्यरत रहेको तितो यथार्थ हाम्रो सामु रहेको थियो । नगरपालिका स्थापना पश्चात पहिलो पटक नगरपालिकाद्वारा वि.स.२०७४ मा आधारभूत शिक्षा परीक्षा (कक्षा ८) को वार्षिक परीक्षा सञ्चालन गरियो । उक्त परीक्षाले नगरपालिकाको शैक्षिक अवस्था छर्लङ्ग बनायो । जहाँ ८७९ जना परीक्षार्थी सहभागी भएकोम्रा जम्मा १९ जना अर्थात २.१६ प्रतिशत मात्र विद्यार्थी सफल भए । पहिलो विद्यालय अनुगमन प्रतिवेदन, २०७४ मा विद्यार्थी उपस्थिति जम्मा ६४ प्रतिशत रहेको  थियो भने शिक्षक उपस्थिति ७१ प्रतिशत मात्र रहेको थियो । सामुदायिक विद्यालयहरुको  अनुगमन, नियमन  नहुदा विद्यालयको शैक्षिक अवस्था मृत जस्तै थियो । संचालनको आधार र औचित्य विना च्याउ उम्रेझैं सञ्चालित विद्यालयहरुलाई मर्ज गर्ने, कक्षा घटाउने तथा विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी रहने व्यवस्था गरियो । १४ वटा निजी र ५ वटा सामुदायिक विद्यालयहरुलाई   मर्ज गरियो भने १८ वटा सामुदायिक विद्यालयहरुको तह घटाइयो ।निजी स्रोतका शिक्षकको कारण अभिभावकमा थुपारिएको  ऋणको भारलाइ अन्त्य गर्दै प्रत्येक विद्यालयमा विद्यार्थी अनुपात, तहगत र विषयगत शिक्षकको व्यवस्था गरी नगरपालिकाद्वारा करार स्वयंसेवक शिक्षकको व्यवस्था गरियो । जसमा विद्यालय कर्मचारी ४ जना, वाल विकास केन्द्रमा ३३ जना, प्रा.वि.तहमा ३७  जना, नि.मा.वि.तहमा ७७ जना, मा.वि.तहमा ४७ जना गरी जम्मा १९९ जना शिक्षकको व्यवस्था भएपछि विद्यालयहरु विस्तारै आफ्नो गतिमा अघि वढेको देखिन्छ । जस अनुसार वि.स. २०७४ मा कक्षा ८ को परीक्षामा २.१६  प्रतिशत बाट बढेर वि.स. २०७५ मा कक्षा ८ को परीक्षामा १५.६०  प्रतिशतबाट वि.स.२०७६ मा कक्षा ८ को परीक्षामा ३६.२५ प्रतिशतमा पुगेको छ । कोभिड-१९ का कारण विद्यार्थीलाइ परीक्षा प्रणालीबाट कक्षोन्नती गर्न सकिएन तर  वि.स.२०७७ सालमा ९० प्रतिशत पठनपाठन सकिएकोले यस वर्ष कक्षा ८ को परीक्षा हुन सकेको भए ५० प्रतिशत नतिजा प्राप्त हुने आकलन गरिएको थियो । कक्षा ५ को नगर स्तरिय बार्षिक परिक्षाको नतिजा अनुसार वि.स.२०७५ सालमा ३६.२१ प्रतिशत उतिर्ण भएको थियो  भने २०७६  सालमा ४७.१६ प्रतिशत विद्यार्थी उतिर्ण भएका थिए । वि.स .२०७४ सालमा ६४ प्रतिशत विद्यार्थी उपस्थिति दर थियो भने २०७७ सालमा आइपुग्दा ७७.२२ प्रतिशत पुगेको छ ।

नगरपालिकाले भौगोलिक विकटतालाई  मध्यनजर गर्दै एक वडा एक मा.वि. को अवधारणा अनुसार २ वटा थप मा.वि.सञ्चालन गरिएका छन । १  वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गरिएको छ भने २ वटा प्राविधिक शिक्षालय पनि सञ्चालन भएका छन । यसै वर्ष आठविसकोट नगरपालिकाको वडा नं.९ मा रहेको ३ वटा विद्यालयहरु श्री दिपज्योती आ.वि.-राडी, श्री शहिद स्मृति नमूना मा.वि.-राडी र श्री बालकल्याण मा.वि.राडीलाई एकिकृत गरी मेघा विद्यालय वनाउने प्रक्रिया अगाडि बढेको छ ।

नगरपालिकाभित्रका विद्यालयहरुको भौतिक अवस्था पनि निकै नाजुक रहेको थियो । उक्त अवस्थामा सुधार गर्न नगरपालिकाले निरन्तर प्रयास जारी राख्यो । यस क्रममा  नगरपालिका स्थापना पश्चात २ कोठे १३ वटा,

३ कोठे १ वटा, ४ कोठे ९ वटा, ६ कोठे १ वटा र ८ कोठे ५ वटा पक्की भवन गरि जम्मा २९ वटा भवन निर्माण गरिएका छन्। जसमा २ वटा प्रदेश सरकारबाट र २७ वटा नगरपालिकाको सहयोगमा निर्माण भएका हुन्। जसको लागि कुल १४ करोड ९५ लाख २७ हजार १ सय ३६ रुपैयाँ लागत खर्च भएको छ। साथै २० वटा विद्यालयमा घेराबार गरिएको छ । जसमा ९७ लाख ७ हजार खर्च भएको छ । २ वटा विद्यालयलाईस्थानान्तरण, १ वटालाई नयाँ सञ्चालन, ४ वटाको थप जग्गा खरिद र १ वटा क्याम्पस गरि जम्मा ८ वटाको लागि २ करोड ८१ लाख वजेट व्यवस्था गरि जग्गा खरिद गरिएको छ।नगरपालिकाका १६ वटा विभिन्न विद्यालयहरुमा शौचालय निर्माण गरिएको छ । जसको लागि ८६ लाख ५० हजार बजेट व्यवस्था गरिएको थियो ।१३ वटा विद्यालयको फिल्ड निर्माण गरिएको छ जसको लागि ५३ लाख ५५ हजार वजेटको व्यवस्था गरिएको थियो ।३ वटा विद्यालयमा सोलारको व्यवस्था भएको छ ।जसमा ३२ लाख ५० हजार खर्च भएको छ ।९ वटा विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था भएको छ। जसमा १ करोड ६३ लाख वजेट खर्च भएको छ ।६ वटा विज्ञान प्रयोगशाला निर्माण भएका छन । जसको लागि ३९ लाख बजेट व्यवस्था गरिएको थियो ।३ वटा विद्यालयमा पुस्तकालयको व्यवस्थापन भएको छ। ५ वटा विद्यालयमा डिजिटल बोर्ड जडान गरिएको छ भने १७ वटा मा.वि.र ३ वटा आ.वि.मा इन्टरनेट जडान गरिएको छ।

नगरपालिकाको शैक्षिक अवस्था सुधारको लागि विद्यार्थी, शिक्षक र विद्यालयलाइ पुरस्कार र दण्डको व्यवस्था पनि गरिएको थियो ।जस अनुसार हालसम्म कक्षा ५ र कक्षा ८ को परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालय, विषयगत शिक्षक र विद्यार्थीलाइ पुरस्कृत गर्ने कार्यक्रम निरन्तर रहेको छ। शिक्षक अनियमिततालाई कम गर्न अनियमित हुने शिक्षकहरुको करिब ३० लाख तलव कट्टी गरियो ।जसले गर्दा शिक्षक उपस्थितिमा सुधार भयो ।शैक्षिक सुधारको लागि नि.मा.वि.र मा.वि. तहका प्रधानाध्यापकहरुलाई नेपाल र भारतका उत्कृष्ट विद्यालयहरुमा शैक्षिंक भ्रमण गराइयो। पेशागत रुपमा उत्कृष्ट रहेका विज्ञान शिक्षक र विद्यार्थीलाइ भारतको उत्कृष्ट विज्ञान संग्रहालयमा समेत भ्रमण गराइयो । नगरपालिका भित्रका सम्पूर्ण शिक्षक र प्रधानाध्यापकलाई नेपालको नमूना विद्यालय श्री कालिका मानविज्ञान मा.वि.वुटवलका प्रधानाध्यापक श्री घनश्याम भुसालमार्फत प्रशिक्षित गराइयो । प्रत्येक विद्यालयहरुमा मापदण्ड वनाएर प्र.अ.नियुक्ति गरिएको छ। शिक्षकहरुलाई तालिमको व्यवस्था गरिएको छ। वाल विकास शिक्षिकालाइ न्यून पारिश्रमिक भएका कारण कार्यसम्पादन मूल्याङ्कनको आधारमा १०० प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ ।विद्यालय अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी वनाउन शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना गरि ४ जना कर्मचारीको व्यवस्था गरिएको छ । धेरै विद्यार्थीहरु कक्षा छोडनुको कारण गरिबी भएकोले विद्यार्थीलाइ नि:शुल्क पोषाक वितरण गरिएको छ ।अनाथ बालबालिकाको लागि जग्गा खरिद गरि भवन निर्माण गरिएको छ । साथै निजहरुको लालनपालनको लागि वजेटको व्यवस्था समेत गरिएको छ। गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ । जस अन्तर्गत नेपालको विभिन्न कलेजहरुमा १७ जनाले विभिन्न विषयहरुमा अध्ययन गरिरहेका छन। जसमा हेल्थ असिस्टेन्ट २ जना, स्टाफ नर्स २ जना, असिस्टेन्ट सिभिल इन्जिनियर ३ जना, असिस्टेन्ट इलेक्ट्रिकल इन्जिनियर २ जना, असिस्टेन्ट

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

मेकानिकल इन्जिनियर १ जना, आइ.टि. ३ जना, कृषि बाली विज्ञान २ जना र कानूनमा  २ जना छन् । शैक्षिक ऋण मार्फत २ जनाले फिलिपिन्सबाट पाइलट अध्ययन गरिसकेका छन् ।

युवा तथा खेलकूदको क्षेत्रमा पनि निकै महत्वपूर्ण कार्यहरु भएका छन् । विद्यालय स्तरिय खेल प्रतियोगिताहरुलाई नियामित र ब्यवस्थित गर्दै लगिएको छ । राष्ट्रपति रनिंग शिल्ड तथा बाल दिवसको अवसरमा गरि वर्षमा दुई पटक नगर स्तरिय खेल प्रतियोगिताहरु संचालन गर्ने गरिएको छ । विभिन्न मेला पर्वहरुमा युवाहरुद्धारा नेतृत्व तथा संचालन गरिने खेलकूद प्रतियोगिताहरुलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने गरिएको छ । नगरपालिकाको केन्द्र, राडी ज्युला, डाँफे, छरेबगर आदि स्थानमा खेलमैदानहरुको निर्माण गरिएको छ । खेल सामाग्रीहरुको वितरण गर्ने ब्यबस्था  गरिएको छ । नगर स्तरीय रंगशालाको डि.पि.आर. तयार भैई लागत जुटाउने प्रयास जारी रहेको छ ।

संघिय शिक्षा  ऐन नबन्दा हामीले यो अवधिमा शिक्षा क्षेत्रमा केहि कानूनी समस्याको सामना गर्नु परेको छ र केहि योजनाहरु कानून अभावको कारण कार्यान्वयन गर्न असमर्थ भएका पनि छौं । सूचना प्रविधिको न्युन विकास, विद्युतिकरण नहुनु, भौगालिक विकटता, जनचेतनाको कमी, गरिबी र आर्थिक अभावको कारण क्षमतावान विधार्थीको परिवारिक सहयोग न्यून हुने, दक्ष जनशक्तिको अभाव आदि जस्ता विविध समस्या शिक्षा क्षेत्रको विकासमा बाधकको रुपमा रहेको महशुस हुने गरेको छ ।

यी उल्लेखित समस्याहरुको सामना गर्दै नगरपालिकाले गरेका सम्पूर्ण  प्रयासहरुको परिणामस्वरुप नगरमा पहिलो पटक  नयाँ शैक्षिक जागरण, भरोसा  र दक्ष जनशक्ति उत्पादनको गतिलो आधार तयार भएको छ । नगरपालिकाले ब्यवस्था गरेको शिक्षकको संख्या, निर्माण गरिएका भौतिक पूर्वाधारको परिमाण र शिक्षा क्षेत्रमा देखिएको गुणात्मक सुधारको तथ्यांक  नेपालका अन्य सबै नगरपालिका भन्दा निकै माथि र अतुलनीय रहेका छन् । यसले नगरलाई भविष्यमा सुखी  र संमृद्ध बनाउन निकै सहयोग पुग्ने  विश्वास लिएका छौं । यो कार्यपालिकाले यस नगरमा शिक्षा क्षेत्रमा गरेका यी तमाम सफल प्रयासहरुले गर्दा पैदा भएको शैक्षिक जागरण प्रति यो नगर कार्यपालिका गौरव गर्दछ ।

**ख. स्वास्थ्य**

स्वास्थ्य विषयको संवेदनशीलतालाई बुझेर आठविसकोट नगरपालिकाले  यसलाई विगतका बर्षहरुमा दोस्रो प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तय गर्ने गरेको छ । आठविसकोट नगरपालिका स्थापनाहुनुपूर्व आठविसकोट नगरपालिकामा ५ वटा स्वास्थ्य चौकी र जम्मा जम्मी २१ जना मात्र स्वास्थ्यकर्मी रहेका थिए । ती स्वास्थ्य संस्थाहरुको कमजोर व्यवस्थापन थियो र आम जनताको पहुँच बाहिर रहेका थिए र ती संस्थाहरुले जनताको आधारभूत स्वास्थ्य आवश्यकता धान्न सक्ने स्थिति थिएन । भौगोलिक विकटता,  समाजमा व्याप्त अन्धविश्वास तथा स्वास्थ्य सम्बन्धी गलत धारणा र व्यवहारको कारण आम नगरबासी बर्षेनी सरुवा रोगको महामारीले आक्रान्त हुने गर्दथे ।

नगरपालिका स्थापना भएपश्चात स्वास्थ्य क्षेत्रलाई दोस्रो प्राथमिकतामा राखेर सर्वप्रथम नगरपालिकाले ५ वटा स्वास्थ्य संस्थालाई विस्तार गरी २४ वटा संस्था बनाइयो। ९ वटा आधारभूत स्वास्थ्य सेवाकेन्द्र, नगर अस्पताल आदिको भौतिक पूर्वाधार निर्माण सम्पन्न हुने अवस्थामा छ। गोतामकोट स्वास्थ्यचौकी, स्यालाखदी स्वास्थ्य चौकी, घेत्मा स्वास्थ्य चौकी र नगर अस्पतालमा गरी जम्मा ४ वटा संस्थामा बर्थिङ सेवा सुचारु गरिएको छ। यसरी ६४ जना चिकित्सक लगायतका स्वास्थ्यकर्मी करार सेवामा भर्ना गरी स्वास्थ्यकर्मीको संख्या साविक २१ बाट बढाएर ९४ जना पुर्याइएको छ।

यसरी आम जनताको पहुँचमा स्वास्थ्य सेवा पुर्याइए पश्चात नगरपालिकाको स्वास्थ्य सूचकहरुमा उल्लेख्य सुधार भएको देखिन्छ । नगरपालिका स्थापनापूर्व ५६ प्रतिशत बालबालिकाले मात्र पूर्ण खोप लगाउने गरेकोमा हाल ८५ प्रतिशत बालबालिकाले पूर्ण खोप पाउने गरेका छन्। ५ बर्षमुनिका बालबालिकामध्ये १८ प्रतिशत बालबालिका कुपोषित हुने गरेकोमा हाल सो दर घटेर ६ प्रतिशतमा झरेको छ। जम्मा ३१ प्रतिशत मात्र आमाहरु संस्थागत रुपमा सुत्केरी हुने गरेकोमा हाल ५४ प्रतिशत आमाहरुले संस्थागत रुपमा सुरक्षित प्रसुति सेवा लिने गरेका छन्। स्वास्थ्य विमा कार्यक्रममार्फत सबै नगरबासीलाई औषधी उपचारमा सहज, सरल र व्यवस्थित गर्ने प्रयास गरिएको छ।

**नेपालकै पहिलो नगर अस्पताल स्थापना** गरी संचालन गरिएको छ। उक्त अस्पतालमा आँखा आयुर्वेद सेवा समेत थप गरी टेलिमेडिसिन सेवा मार्फत विशेषज्ञ उपचार सेवाको पनि शुरुवात गरिएको छ। समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरको आयोजना गरी आठविसकोट नगरपालिकाको मुख्य स्वास्थ्य समस्या समेत पत्ता लगाउने तथा आम नागरिकलाई उपचार सेवा प्रदान गर्ने गरिएको छ। ५ वटा स्वास्थ्य संस्थामा इन्टरनेट सेवा सुचारु गरी अनलाइन डाटाइन्ट्री गर्ने गरिएको छ। नगर अस्पतालमा सफ्टवेयर जडान गरी सहुलियत दरमा औषधी उपलब्ध गराउन स:शुल्क फार्मेसी सेवा पनि संचालनमा ल्याइएको छ। हाल नगर अस्पतालमा टेलिमेडिसिन सेवा मार्फत विशेषज्ञ स्वास्थ्य सेवा पनि सुचारु अवस्थामा छ भने हाडजोर्नी तथा गाइनो सम्बन्धी विशेषज्ञ उपचार तथा अपरेशन सेवा विंस्तारका लागि सेटअप गरिदैछ । नगरबासी जनसमुदायको सक्रिय सहभागिंता र नगरपालिकाको नेतृत्वमा निर्मित कोभिड अस्पतालले कोभिड महामारीको सामना गर्न आफूलाई सक्षम सावित गरिनै सकेको छ। आज पनि उपरोक्त तमाम प्रयासका बाबजुद जनतामा स्वास्थ्य चेतनाको कमि, गरिबी र कुपोषण, भौगोलिक विकटता र दुर्गमताको कारण स्वास्थ्य सेवा लिन कठिनाई हुने जस्ता समस्याहरु विद्यमान रहेका छन्।

उल्लेखित समस्याहरुको सामना गर्दै, नगरले स्वास्थ्य क्षेत्रमा गरेका तमाम प्रयासहरुले नगरबासीको स्वास्थ्यमा पहुँजको स्थितिलाई उल्लेख्य सुधार गरेको छ। स्वास्थ्य संस्थाहरु र स्वास्थ्यकर्मीहरुको संख्या र सेवा विस्तार एवं स्तरोन्नती, महामारीको सामना गर्न सक्ने क्षमता, स्वास्थ्य पूर्वाधारहरुको निर्माण आदि का दृष्टीले यो नगर कार्यपालिकाले स्वास्थ्य क्षेत्रमा गरेका कामहरुको तुलना हाम्रो स्तरका कुनै पनि स्थानीय तह संग हुन सक्दैन, हामी निकै उचाईमा छौं। हामी हाम्रो जिम्मेवारीमा सक्षम र सफल सावित भई नै सकेका छौं। यसको निम्ति आठविसकोट नगर कार्यपालिका गौरवको महशुस गर्दछ।

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

**ग. सामाजिक सुरक्षा तथा समावेशीकरण :**

महिलाहरुको सर्वाङ्गीण विकासका लागि विभिन्न क्षेत्रहरुमा कार्यक्रमहरु सञ्चालन गरीएको छ । जसमा सिलाईकटाई मेसिन खरिद तथा वितरण, एकल महिलाहरुलाई हिल ट्याङ्की वितरण, जुठ्यान व्यवस्थापन, वडा नं २ मा बर्थिङ सेन्टर निर्माण, वडा नं. २ र ३ मा महिला सामुदायिक भवन निर्माण, सबै वडाहरुमा महिला हिंसा विरुद्वको १६ दिने अभियान सञ्चालन, अन्तर्राष्ट्रिय नारी दिवस लगायतका महिलाहरुको क्षमता अभिवृद्वि गर्ने तथा सुरक्षासँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिएका छन । सबै वडाहरुमा महिला हिंसा, बालविवाह तथा जातिय भेदभाव न्यूनीकरणसँग सम्बन्धी सडक नाटक प्रदर्शन, महिला तथा अपाङ्ग रेडियो आवाज कार्यक्रम सञ्चालन गरिएको छ भने नगरपालिकाको केन्द्रमा ज्येष्ठ नागरिक आवास गृह निर्माण, विभिन्न धार्मिक क्षेत्रको विकास र संरक्षणका लागि मन्दिर र चर्च निर्माण तथा व्यवस्थापन गरीएको छ । सहिद परिवारहरुलाई सम्मान तथा सामग्री वितरण गरिएको छ । दलित प्रोफाइल निर्माण गरीनुका साथै दलित तथा आदिवासी जनजाति समूदायको ऐतिहासिक संस्कृति झल्किने पोषाक तथा बाजागाजा खरिद लगायतका लक्षित वर्गको हितका लागि सबै वडाहरुमा वडास्तरिय कार्यक्रमहरु सम्पन्न भएका छन । सामाजिक समावेशीकरणको नीति कार्यान्वयनका निम्ति यस नगरको कार्यपालिकामा ५०% दलित समुदायको प्रतिनिधित्व रहेको छ । यसरी नै महिला तथा जनजातिको पनि सहभागीता रहनु नगरपालिकाको लागी गौरवको विषय बन्न पुगेको छ ।

## २. पूर्वाधार विकास क्षेत्र :-

**क)सडक तथा यातातात (झोलुंगे पुल र ट्रस पुल समेत):-**

हामी निर्वाचित हुदै गर्दा नगरपालिका पूवाधार विकासको हिसावले प्रारम्भिक अवस्थामा थियो । राडीज्युला सम्म हिउँदमा नदुवाबाट मात्र मोटर बाटोको पहुँच थियो । घेत्मा, ज्यामिरकोट, डाँडाडाउ, गोईरी, स्यानीबार्खु, बार्खु दाँजे डाफे, खदि, स्याला आदि दर्जनौं गाउँहरुमा मोटरबाटो थिएन । खोला, नालाहरुमा पुलपुलेसाको निकै गम्भिर समस्या थियो ।

नगर कार्यपालिकाले विगतका ४ वर्षमा भौतिक पूर्वाधार निर्माणको कामलाई निकै महत्वका साथ अगाडि बढायो । चालु आर्थिक वर्षको अन्त्यसम्म आईपुग्दा साविकको घेत्मा, आठविसडाँडागाउँ र आठविसकोटका सबै जसो मुख्य गाउँ तथा गुम्जा, लाम्पुछर, खापे, फलाँटे, ढुंगिला जस्ता कुना-कन्दराका बस्तीहरुमा समेत मोटर बाटोको प्रारम्भिक ट्रयाक खोल्ने काम सम्पन्न हुदैछ । तुलनात्मक रुपमा दुर्गम मानिएको स्यालाखदी को वार्ड नं. २ र ३ का मुख्य गाउँ सम्म यहि आर्थिक वर्षको अन्त सम्म मोटर बाटो पुगी सक्नेछ र बाँकी सबै गाउँमा आगामी आर्थिक वर्षको अन्त सम्ममा मोटरबाटो पुग्ने गरि ठेक्का ब्यवस्थापन भै निर्माण कार्य जारी रहेको छ । पाटागाउँमा समेत आगामी आर्थिक वर्षमा मोटर पुर्याउने गरि बजेट ब्यवस्थापनको पहल भईरहेको छ । साविक गोतामकोटको छिमि, घर्तिकाँडा र जागे जलीगाड

बाहेकका सबैजसो गाउँमा मोटर बाटो पुगेको छ । बाँकी रहेका यी गाउँहरुमा पनि मोटर बाटो पुर्याउन बजेट ब्यवस्थापनको लागि कार्यपालिकाको ध्यान केन्द्रित भएको छ ।

रिम्ना-चिसापानी खण्ड राष्ट्रिय राजमार्ग अन्तर्गतपर्ने भएकोले त्यसको स्तरोन्नतिको लागि ठेक्का ब्यवस्थापन हुने चरणमा रहेको छ । चिसापानी- राडी -नदुवा -मुसिकोट सडक खण्ड प्रदेश सडक अन्तर्गत रहेको र उक्त सडकको स्तरोन्नती गर्न यस नगर कार्यपालिकाले गरेको विशेष अनुरोध अनुसार प्रदेशले चिसापानी- राडी- गिजा खण्डको कालोपत्रेको ठेक्का ब्यवस्थापन समेत भै निर्माण कार्य शुरु हुदैछ । ठाँटीखोला- मन्मै मोटरपुल यस नगरपालिकाले डि.पी.आर. तयार गरि डोलीडारको प्रदेश कार्यलय मार्फत आ.ब.२०७८/०७९मा ठेक्का ब्यवस्थापन भै निर्माण शुरु हुने सुनिश्चित भएको छ । सालागाड खोला तथा नरखोला पिपलचौरमा समेत आगामी आर्थिक वर्षमा मोटरपुल निर्माण कार्य शुरु हुने गरि प्रदेश तथा संघिय सरकारका कार्यालयले काम अगाडि बढाएका छन् । दाँजे- खदि सडकको घट्टेखोला चोवाखोला खण्डको बहुबर्षीय ठेक्का ब्यवस्थापनको कार्य हुदैछ ।

यसैगरी यस अवधीमा ७ वटा झोलुंगे पुल तथा ६ वटा ट्रस पुल गरि १३ पुल एवं ५ वटा आर.सी.सी. पुल गरि जम्मा १८वटा पुल निर्माण सम्पन्न भएका छन् । यस अवधिमा नगर सडक यातायात गुरुयोजना (MTMP) समेत निर्माण भै कार्यान्वयनको चरणमा रहेको छ । उक्त योजनाले आ.ब. २०८२/०८३ सम्म सबै वडाको केन्द्र सम्म बाह्रै महिना चल्ने मोटर बाटो निर्माण गरि सक्ने लक्ष्य लिएको छ र सोहि लक्ष्य अनुसार काम अगाडि बढाईदैछ ।

यसरी यस कार्यपालिकाको कार्यकालमा नगरमा करिब२५० कि.मि. सडकको ट्र्याक खोल्ने काम सम्पन्न हुदैछ , जुन नेपालगंज देखि आठविसकोट पुग्ने बाटोको हाराहारीमा हो । २० वटा पुल निर्माण सम्पन्न हुनेछन् । सडक तथा पुलका पूर्वाधारमा भएको यी कामहरुले ग्रामीण जीवनलाई विस्तारै सहज बनाउदैछ । सडक तथा पुल निर्माणको जुन परिमाणमा हामीले काम गर्न सक्यौं यो पनि नेपालका हाम्रो स्तरका अन्य स्थानीय तहहरुसंग तुलनात्मक रुपले धेरै नै माथि छ । नगर कार्यपालिका यी प्राप्त उपलब्धीहरुको लागि गर्व गर्दछ र नगरवासीलाई बधाई तथा धन्यबाद दिन चाहन्छ ।

**खं) सिंचाई, खानेपानी तथा सरसफाई:-**

प्रदेश तथा संघिय सरकारसंगको समन्वयमा होली,चिला,अनाह, चोवाखोला, भेरीखोला, सालागार खोला, गैरीचौर, चौर लगायतका दर्जन बढी सिंचाई योजनाहरु निर्माण सम्पन्न हुने क्रममा रहेका छन् । पिपलचौर सिचाई योजना निर्माण सम्पन्न भई सकेको छ । नगरपालिका आफैले गोतामकोट बृहत खानेपानी तथा सिंचाई योजना, धागेछरी खानेपानी योजना तथा प्रत्येक वडामा दर्जनौ सं-साना खानेपानी योजनाहरु कार्यान्वयन गरेकोछ । **एक घर एक धारा** अन्तर्गत वडा नं.- ६ गोतामकोट , खदी, स्याला रगोईरी लगायतका स्थानहरुमा आयोजनाहरु अगाडी बढेका छन् । सुधारीएको चुलो, भान्साघर सुधार आदि जस्ता

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

सरसफाईका योजनाहरु अगाडि बढाईएको छ । वास प्लान(WASH Plan)निर्माण गरि कार्यान्वयनको चरणमा रहेको छ ।

**ग) जलविद्युत तथा वैकल्पिक उर्जा:-**

हामी निर्वाचित हुँदा गोतामकोटको केहि भाग र घारीखोलाको गाउँमा मात्र विद्युत ब्यवस्था थियो । नगरपालिकाको केन्द्र राडी बजार देखि, सबै गाउँहरु अन्धकार नै थिए । नगरपालिकाको केन्द्रमा मोवाईल चार्ज गर्ने स्थिति नै थिएन । नगरपालिका स्थापना भए लगत्तै हाम्रा आफ्नै श्रोतले गिजागाड तथा बुदबुदेखोला विद्युतगृह निर्माण गरि संचालनमा ल्यायौ । वैकल्पीक ऊर्जामार्फत निर्माणको थालनी भई सम्पन्न हुन नसकेका खारखाराखोला र सालागाड खोलाको विद्युतमा नगरपालिकाको थप लगानीमा संचालनमा ल्याइएको छ । जसले गर्दा नगरपालिकाको मुख्य केन्द्र र आसपासमा विद्युतिकरण गर्न संभव भयो । नगरपालिकाका विकट क्षेत्रहरु, जहाँ जलविद्युत उत्पादन र वितरणको सम्भावना नभएका ठाउहरुका घर, विद्यालय, अस्पतालहरुमा वैकल्पिक उर्जाको रुपमा **तीन हजार** थान सौर्य विद्युत प्रणाली वितरण गरियो ।हाल केन्द्रिय विद्युत लाईन विस्तारको काम कोभिड -१९ को कारण केहि ढिला जस्तो देखिए पनि काम तिव्र गतिमा नै छ । यहि नगर कार्यपालिकाको कार्यकाल भित्रै नगरका सबै गाउँ-वस्तीमा केन्द्रिय विद्युत लाईनको विस्तार हुदैछ । विद्युत विहिन अवस्थाबाट नेपालकै सर्वाधिक दोश्रो ठूलो भूगोल समेटिएको दुर दराजसम्म विद्युतीकरण गर्ने कार्य सम्पन्न हुँदैछ । नगरपालिकाले अब उज्यालो युगमा प्रबेश गर्दैछ । यो हाम्रो लागि गौरव गर्न लायक उपलब्धी हुनेछ ।

**घ) सूचना तथा संचार:-**

आज हाम्रो सामु सूचना संचारका कठिनाईहरु छन् । हामी निर्वाचित हुदाको बखत स्थिति अझ कहाली लाग्दो थियो । यो बीचमा आठविसकोट टावरको नाममा जाजरकोटको गरालामा नयाँ टावर निर्माण गरी संचालनमा ल्याईएको छ । जुन टावरको निर्माण र संचालनले गोतामकोट तथा भगवतीमा रहेको टावरको क्षमताबृद्धि गर्न मद्दत गर्‍यो र गोतामकोट, खदि र स्यालाको फोन सेवामा सुधार ल्यायो । गोतामकोटको ठानाथलामा तथा घेत्मामा ठूला टावरहरु निर्माण सम्पन्न भै संचालनमा आएका छन । नेटीलेख टावरको नाममा वार्ड नं.१ को थुममा टावर निर्माण अन्तिम चरणमा पुग्दैछ । घेत्माको टावरमाविद्युत आपूर्तिको ब्यवस्था गरि पूर्ण क्षमतामा चलाउने प्रयास अन्तिम चरणमा पुग्दैछ । राडीज्युला सम्मको लागि अप्टीकल फाईवरको लाईन विस्तारको ठेक्का प्रक्रिया पुरा भै निर्माण शुरु हुँदैछ ।

नगरपालिकाले नेपाल टेलिकमसंग निरन्तर गरेको अनुरोधले यी कामहरु संभव भएका हुन् । आ.ब.२०७८/०७९ भित्र सुचना तथा सञ्चार क्षेत्रमा जारी रहेका सबै कामहरु सम्पन्न हुनेछन् र सूचना संचारको हिसावले नगरपालिका सुदृढ हुनेछ । यस क्षेत्रको यी कामहरु पनि यस नगर कार्यपालिकाको लागि गौरव गर्न लायक हुनेछ ।

**३) आर्थिक क्षेत्र:-**

**क. कृषि तथा पशुपालनः-**

आठविसकोट नगरपालिकाले कृषी क्षेत्रलाई सुरु देखि नै निकै महत्व दिदै आएको छ। कृषि लाई निर्वाहमूखी अवस्थाबाट निर्यातमूखी बनाउने सन्दर्भमा यस नगरपालिकाले फलफुल खेतीको विस्तारमा विशेष जोड गरेको छ। नगरपालिकामा ३० हजार किवीका विरुवाको विरुवा वितरण भई व्यवसायिक उत्पादन सुरु भएको छ। आ.व. २०७८/७९ बाट किवी निकासी हुने स्थितिमा पुगेको छ। ५० हजार भन्दा बढी स्थानीय र टर्कीस ओखर विरुवाको वितरण भई खेती अगाडी बढेको छ। आँप, सुन्तला, कागती, टीमुर, अलैंची लगायत विभिन्न फलफुल र मसालाजन्य खेतीको अगाडी बढेको छ। विभिन्न सिजनल रोग तथा प्रकोपहरुको नियन्त्रणको लागी उपचार प्रक्रिया जारी छ। उन्नत जातको भेडा, बाख्रा वितरणहरु लगायतका कार्यक्रमहरु कार्यान्वयन गरिएको छ। पशुपन्छीहरुको खोप कार्यक्रम निरन्तर जारी छ। पशुपन्छी तथा बोटविरुवाको नश्ल सुधार कार्यक्रमहरु जारी रहेका छन। दुध उत्पादनका लागि भैंसीपालन व्यवसायलाई प्रात्साहन गर्न विभिन्न कार्यक्रमहरु जारी छन। कृषकहरुको हितलाई ध्यानमा राखि सहुलियतपूर्ण कर्जा कार्यक्रम अगाडी बढाइएको छ।

**ख. उद्योगः-**

नगरपालिकाले कृषी तथा वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापनालाई सुरु देखी नै महत्वका साथ अगाडी बढाएको छ। यस क्रममा फलफुलमा आधारित कर्णाली वेबरेज प्रा.लि. ले दैनिक १२५ कार्टुनका दरले स्थानीय फलफुलबाट वाईनको उत्पादन सुरु गरेको छ। मसला उद्योगले आफ्नो उत्पादन सुरु गरेको छ। आगामी आ.व. को पहिलो चौमासिक देखि दुध संकलन केन्द्र र काष्ठ उद्योगबाट उत्पादन सुरु हुनेछ। ग्रामेन्ट तथा ड्राइफुड जस्ता उद्योगहरु पनि सञ्चालनको क्रममा रहेका छन। यी उद्योगहरुले ग्रामिण अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्ने छन।

**ग. पर्यटनः-**

समग्र पर्यटन क्षेत्रको पहिचान गरी पर्यटन पूर्वाधारको विकास गर्ने सन्दर्भमा नगरपालिकाले निरन्तर प्रयास जारी राखेको छ। यस क्रममा आत्रेय ऋषीको आश्रम स्थल गोतामकोट नेपाल भित्रका १०० पर्यटकिय गन्तव्य स्थल भित्र पर्न सफल भई पर्यटकहरु आउने क्रमको थालनी भएको छ। उक्त क्षेत्रमा पर्यटन पूर्वाधारको विकासक्रम सुरु भएकोमा कोभिड-१९ को कारण केही ढिला हुन पुगेको छ। हालै संघीय सरकारसँगको साझेदारीमा सो क्षेत्रको विकासको लागी सार्वजनिक खरिद ऐन/नियमावली ठेक्का व्यवस्थापन हुँदैछ। वडा नं १ र २ को साईकुमारी, काँडादह क्षेत्रको विकासमा नगरपालिकाले नगरपालिकाले लगानी गर्दै आएको छ। साईकुमारी क्षेत्र विकास अन्तरगत मुख्य मन्दिर चालु आ.व. को अन्तिमसम्म निर्माण सम्पन्न हुँदैछ। उक्त क्षेत्र नगरपालिका क्षेत्र भित्रको सुन्दर पर्यटकिय गन्तव्यको रुपमा विकास हुने क्रममा छ। लामकाने गुफा, साततले गुफा लगायतका क्षेत्रहरुमा पनि पर्यटकीय पूर्वाधार बनाउने प्रक्रियाको थालनी

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

भएको छ । कोभिड कहरको बीचमा पनि पर्यटकिय क्षेत्रलाई देशव्यापी चिनाउने र पर्यटक आकर्षित गर्ने सवालमा नगरपालिकाले महत्वपूर्ण सफलता हात पारेको छ ।

## ४) वन, वातावरण तथा विपद व्यवस्थापनः-

### क. विपद व्यवस्थापनः-

यो नगरपालिका प्राकृतिक विपदको दृष्टिले उच्च जोखिममा रहेको छ। तसर्थ,विपद् जोखिम न्यूनिकरण गर्न विपद् जोखिम पूर्वतयारी तथा विपद् प्रतिकार्य योजना निर्माण, स्थानीय विपद ब्यबस्थापन सम्बन्धी कार्यविधि निर्माण भई **आपतकालीन कार्य संचालन केन्द्र**को गठन तथा सञ्चालनमा आएको छ। ठूलीभेरी नदि किनाराका बस्तीहरु, गिजागाडखोला तथा खारखारा खोलाहरुमा आएको बाढीको कारण हुने र हुन सक्ने संभावित जोखिम र क्षति न्यूनिकरण गर्न नदि नियन्त्रण तथा तटबन्धनको कार्यलाई संघीय तथा प्रदेश सरकार समेतको सहयोगमा प्राथमिकताका साथ प्रत्येक आ.ब.मा अगाडी बढाईएको छ । विपद् व्यवस्थापन कार्यलाई उच्च प्राथमिकतामा राखिएको छ ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको संक्रमण, रोकथाम र नियन्त्रणको लागि नगरपालिकाले सुरुवाती चरणदेखिनै निकै क्रियाशिल भई काम गर्दै आएको छ। बाहिरबाट आउने नागरिकहरुको लागि क्वारेन्टाईन व्यवस्थापन, पि.सि.आर परीक्षण, राहत वितरण, श्रम सहकार्य समूहमार्फत नगरपालिका क्षेत्रका सम्पूर्ण परिवारलाई समेटी रोजगारीको व्यवस्था र प्रत्येक घरपरिवारलाई ५० के.जी. चामल, मास्क र साबुन लगायतका राहात सामाग्रीहरुको वितरण, कृषकहरुलाई तरकारीको विउविजन वितरण, १० दिनमै सुविधा सम्पन्न कोभिड आइसोलेसन अस्पतालको निर्माण लगायतका कार्यहरु गतवर्ष देखि कोरोना माहामारी नियन्त्रणको क्रममा नगर कार्यपालिकाले गरेका केही महत्त्वपूर्ण कार्यहरु हुन।

बाढी पहिरो तथा विपद् प्रभावित घरवारविहीन व्यक्तिहरुको घर पुननिर्माणको लागि जम्मा ३८ घरमुली परिवारलाई नगरपालिकाबाटराहत स्वरूप सहयोग रकम उपलब्ध गराई सकिएको र हाल जिल्ला विपद ब्यबस्थापन समितिको निर्णय अनुसार घर पुननिर्माणको लागि सम्झौता भई जिल्ला प्रशासन कार्यालय र नगरपालिकाको संयुक्त लगानीमा पुननिर्माणको प्रक्रिया सुरु भएको छ ।

आ.ब २०७७/०७८ मा जनता आबास कार्यक्रम अन्तर्गत प्रत्येक वडामा २ वटा घरकादरले जम्मा २८ वटा गरिब जनताका घरहरुको निर्माण कार्य सम्पन्न भएको छ ।त्यसैगरीसुरक्षित नागरिकआबास कार्यक्रम अन्तर्गत हाल ६७ घरमुली परिवारको फुसको छाना हटाई टिनको छानाफेर्ने कार्यका लागि सम्झौता भई निर्माण कार्य सम्पन्न हुने क्रममा छन्।

कोभिड-१९ को दोश्रो लहरसंगै नगरका ७ जना नागरिकले आफ्नो ज्यान गुमाउनु भएको छ ।यसको सामना गर्ने क्रममा कोभिड अस्पताल संचालनमा ल्याईएको छ। उक्त अस्पतालमा हाल सम्म ७० जनाले उपचार सेवा लिनु भएकोमा ७५ वर्षीय १ जना महिलाको निधन हुन पुगेको छ। र सो अस्पतालबाट रिफर गरिएका

गोर्ख बहादुर के
प्रमुख

अरु ४ जनाको समेत निधन हुन पुगेको छ। बाँकी सबै बिरामीले स्वास्थ्य लाभ प्राप्त गर्नु भएको छ। हामीले संचालन गरेको कोभिड आइसोलेसन अस्पताल हाम्रो आवश्यकता धान्न सक्षम सावित भएको छ । बिरामीको उपचार, मृतकको शव व्यवस्थापन, राहतको प्रबन्ध आदिमा नगरपालिकाको सक्रियता माथि कहिंकतैबाट प्रश्न गर्ने ठाउँ छाडिएको छैन।

**माननीय सदस्य ज्युहरु,**

अव म हाम्रा केहि मुख्य मुख्य समस्या र चुनौतीहरुको बारेमा यहाँहरुको ध्यान केन्द्रित गर्न चाहन्छु :-

**समस्या र चुनौतीहरु:-**

(क) संघीय सरकार एवम् प्रदेश सरकारले साझा अधिकार सूची एवम् एकल अधिकार सूचीका विषयमा समयमै कानून नबनाउँदा एवम् कानून निर्माण प्रक्रिया सम्बन्धी कार्यविधिहरु नबनाउँदा स्थानीय तहको अधिकार क्षेत्रभित्रका विषयहरु कार्यान्वयनमा अन्यौलता कायमै रहेको छ।

(ख) संघीय सरकार तथा प्रदेश सरकारबाट समयमै बजेट तथा कार्यक्रमको अख्तियारी नआई आर्थिक वर्षको अन्त्यतिर आउँदा ठेक्का प्रक्रिया पूरा गरी आर्थिक वर्षको अन्त्यमा कार्य सम्पन्न हुने अवस्था नभएको एवम् हतारमा गरिएका कार्यहरुबाट अपेक्षित उपलब्धी हासिल नहुने, बजेट दुरुपयोग हुन सक्ने, आयोजनाको गुणस्तर र कामको परिमाण कायम हुन नसक्ने खतरा र वित्तीय जोखिमको अवस्था कायमै रहेको छ।

(ग) नगरपालिकाभित्र आधारभूत शहरी सुविधाहरु जस्तै: उपयुक्त ल्यान्डफिल साइट तथा फोहर विसर्जन गर्ने ठाउँको समस्या, ढल निकास, वसपार्क, रंगशाला, बाह्रै महिना चल्ने सडक, विभिन्न स्थानहरुमा पक्की पुलहरु नहुनु, भरपर्दो संचार सुविधाको अभाव लगायतका कारणहरुले नगरपालिका एवम् वडा कार्यालयहरुबाट सम्पादन हुने कार्यहरु एवम् सेवाप्रवाहमा समस्या उत्पन्न हुने गरेको छ।

(घ) दरवन्दी अनुसारको कर्मचारी व्यवस्थापन भएता पनि सेवा प्रवेश तालिम तथा पुनर्ताजकीय तालिमको व्यवस्था नहुदा सार्वजनिक सेवा प्रवाहमा प्रतिकूल असर परेको छ । कतिपय राष्ट्रसेवक कर्मचारीहरुमा संघीयताको मर्म तथा भावना अनुरुप काम गर्ने अभिलाषा नहुनु एवम् पर्याप्त प्रशासनिक अनुभवको अभावले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण र योजना कार्यान्वयनमा बेलाबेलामा समस्या उत्पन्न हुने गरेका छन्। नगरपालिकाको आधिकारिक निर्णय,पारित कानून तथा नीतिहरुको कार्यान्वयन गर्न जनप्रतिनिधिहरुमा समेत अपेक्षित तत्परताको अभाव देखिएको छ।

(ङ) भूगोल, जनसंख्या, भौगोलिक विकटता एवम् पछयौटेपन, विकासको माग जस्ता जटिलताका आधारमा संघ तथा प्रदेश सरकारबाट पर्याप्त बजेट प्राप्त नहुँदा आर्थिक, सामाजिक, पूर्वाधार क्षेत्रको विकास, वातावरण अनुकूल दीगो विकास, संस्थागत विकास तथा सुशासन लगायतका क्षेत्रहरुको विकासमा चुनौती थपिएको छ।

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

(च) प्राकृतिक प्रकोपको हिसाबले योनगरपालिका संवेदनशील भएकोले प्राकृतिक प्रकोप पीडितलाई समयमै उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणको कार्यहरु गर्नपर्याप्त बजेटको अभावमा तत्काल अगाडी बढाउन नसक्ने अवस्था सिर्जना भएको छ । बाढी, पहिरो, भूक्षय नियन्त्रण, जलउत्पन्न प्रकोप नियन्त्रण लगायतका कार्यहरुमा गर्न पर्याप्त बजेट उपलब्ध नहुँदा बर्षेनी ठूलो धनजनको क्षति हुने गरेको छ । बाढी पहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरु विशेषगरी खारखारा खोला, गिजागाड खोला, धुर्सेनी पहिरोले बर्षेनी जनधनको ठूलो नोक्सानी व्यहोर्नु परिरहेकाले विपद व्यवस्थापनमा समेतयसले चुनौती सिर्जना गरेको छ ।

(छ) समयको वास्तविक महत्व नबुझि अहिलेको नयाँ पुस्ता सामाजिक संजालको प्रयोगमा लिप्त भइरहदा आफ्नो दैनिकीमा नै प्रतिकूल असर पर्नेगरी सूचना प्रविधीको गलत प्रयोग/सम्प्रेषणले अनावश्यक विवाद, झमेला, पारिवारिक विखण्डन र वास्तविक सूचनामा समेत सल्लाह सुझाव दिनुपर्नेमा गलत टिका टिप्पणी गर्ने कुसस्कारले सूचना प्रवाहमा चुनौती थपिएको छ ।

(ज) नगरमा ३४ प्रतिशत जनसंख्या दलित समुदायको छ । माथिल्लो जातिमा रहेको अहंकार र यसले उत्पिडित समुदायमा पैदा गर्ने हीन भावना र कुण्ठाले जन्माउने विद्रोहले समाजलाई द्वन्द्वको बाटोमा लैजाने संभावना रहिरहेको छ । यस तर्फको चुनौतीलाई कम गर्दै ऐतिहासिक रुपमा उत्पादनका साधन मुख्यत: जमिनबाट विमुख पारिएको र सांस्कृतिक रुपमा सदियौंदेखि उत्पीडनमा राखिएको यो ठूलो समुदायलाई सामाजिक न्याय र समानताको अनुभूतिसहित आर्थिक तथा सांस्कृतिक समृद्धीको बाटोमा सँगसँगै लैजानु असाध्यै चुनौतीको रुपमा रहेको छ.।

(झ) नगरपालिकाको विविध कठिनाईका कारण सामाजिक तथा समावेशीकरण नीति अन्तर्गत लक्षित वर्गको वजेट विनियोजन र कार्यान्वयनमा राष्टिय नीति तथा कार्यक्रम अनुसार क्षमता अभिवृद्धिको क्षेत्रमा भन्दा पूर्वाधार विकासमा खर्च हुने गरेकोले लक्षित वर्गहरुको उत्थानमा अपेक्षाकृत नतिजा हाँसिल हुन सकेको छैन ।

**माननीय सदस्य ज्युहरु,**

अब म आ.ब. २०७८/०७९को मुख्य मुख्य नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु :-

संविधानले परिकल्पना गरेको समाजबाद उन्मूख अर्थ ब्यवस्थाको निर्माण गर्नु आजको हाम्रो मुख्य कर्तब्य हो । कोरोना माहामारीले खडा गरेका चुनौतीहरु वीच भौगोलिक विकटता, गरिबी, पछौटेपन, कमजोर कार्यसम्पादन क्षमता, कानुनी अड्चनहरु, परम्परागत कार्यशैली आदिको सामना गर्दै अग्रगमनको गति पैदा गर्नु साँच्चिकै फलामको चिउरा चपाउनु जस्तै छ । तर जनतालाई साथमा लिएर गरिने कठिनतम संघर्षहरुबाट प्राप्त हुने शिक्षाहरुको आलोकमा हामी चुनौतीहरुको सामना गर्न, कर्तव्यहरु पूरा गर्न र समाजवादी अर्थ ब्यवस्थाको जग खडा गर्न सक्षम हुने विश्वास लिएका छौं । जनताको एकता, श्रम र उत्पादनबाट मात्र समाजवाद बन्नेछ भन्ने हाम्रो दृढ विश्वास रहेको छ । जनताको साथमा समाजवादी इतिहाँसको आधारशिला तयार गर्ने ध्येयका साथ यो नीति तथा कार्यक्रम निर्देशित रहेको छ ।

**संमृद्ध नेपाल सुखी नेपाली** बनाउने राष्ट्रिय संकल्प र **संमृद्ध कर्णाली, सुखारी कर्णालीबासी** बनाउने प्रदेश सरकारको सपनालाई हामीले हाम्रो सन्दर्भमा कार्यान्वयन गर्न **"समृद्ध गाउँ-शहरको रहर,स्वस्थ, सफा, सुशासनयुक्त, समन्वयिक र समाजवाद उन्मूख आठविसकोट नगर"** भन्ने मूल नारा तय भएको थियो र यसलाई निरन्तर कार्यान्वयनमा लिईनेछ।

दिगो विकासका लक्ष्यहरुलाई मध्येनजर गर्दै सभ्य र संमृद्ध समाज निर्माणको लागि यसको आवश्यकता र महत्वको बारेमा आम जनचेतना निर्माण गर्दै सामूहिक रुपमा यी लक्ष्यहरु प्राप्त गर्ने प्रयास जारी राखिनेछ। कोरोना माहामारीले मूलतः शिक्षा क्षेत्रमा गरेको नोक्सानलाई कम गर्न हरसंभव प्रयास गरिनेछ। **"सुख र संमृद्धिको लागि एकता र अनुशासन, श्रम र उत्पादनको लागि युवा परिचालन"** को नीति कार्यान्वयन गरिनेछ। सार्वजनिक निर्माणमा युवाजनशक्तिको प्रयोग र परिचालनमा जोड दिईनेछ।साँस्कृतिक रुपान्तरणको अभियानलाई निरन्तर अगाडि बढाईनेछ। जातीय अहंकार वा हिन भावनाको समूल अन्त्य गर्दै समतामूलक, नैतिकवान र श्रमशिल समाज निर्माणको लागि निरन्तर अभियानहरु संचालन गरिनेछ। यस वर्ष शिक्षा तथा स्वास्थ्य क्षेत्रको पूर्वाधार निर्माण एवं सार्वजनिक यातायातमा नगरपालिकाको सहभागिता सहित ब्यवस्थापन गर्ने नीति लिईनेछ।

अव म विषयक्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु :-

## १) सामाजिक विकासको क्षेत्र

### क. शिक्षा सम्बन्धि नीतिः-

कोभिड-१९ को कारण विद्यालयहरु बन्द रहेकोमा, कोभिड-१९ विरुद्धको खोप शुरु भैसकेको तथा क्रमशः शिक्षकहरुमा समेत खोप दिन थालिएकोले जति सक्यो छिटो सहज स्थिति श्रृजना गरि विद्यालयहरु संचालनमा ल्याउने प्रबन्ध गरिनेछ। सार्वजनिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाईनेछ। सार्वजनिक विद्यालयको समग्र सुधारका लागि नतिजामूलक अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणलाई थप सुदृढ गर्न तथा सबै विद्यालयको शैक्षिक तथा ब्यवस्थापकीय कार्यहरुलाई एकरुपतामा लैजान शैक्षिक गुणस्तर परिक्षण केन्द्रलाई परिचालन गरिनेछ। सबै वडामा कम्तिमा १/१ वटा १० कक्षा सम्मको पढाईहुने विद्यालय स्थापना गरिनेछ। कक्षा ६ सम्म यहि शैक्षिक सत्रमा स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको निर्माण गरि कार्यान्वयन गरिनेछ। स्थानीय पाठयक्रममा नगरपालिकाको गौरव, संस्कृत, सभ्यता, मूल्य- मान्यता, सामाजिक एकताको सम्बर्दन एवं दिगो विकासका लक्ष्यहरुको सन्दर्भमा नागरिकहरुको कर्तव्यबोधका विषयहरु समावेश गरिनेछ। विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणको प्रक्रियालाई यो वर्ष संघ, प्रदेश र स्थानीय सरकार तथा जनसमुदायको साझेदारी र समन्वयमा थप तीब्र बनाईनेछ।

राष्ट्रिय आवश्यकता र अन्तराष्ट्रिय अवसरका आधारमा जनशक्तिको प्रक्षेपण गरी क्षेत्रगत जनशक्ति उत्पादनमा जोड गरिनेछ। आर्थिक विकास तथा सामाजिक सेवाका क्षेत्रमा विशेषज्ञ जनशक्तिको

आबश्यकता पूरा गर्न कृषि तथा वन पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा ,आयुर्वेद, पर्यटन, ईन्जिनियरिङ्ग लगायतका विशिष्टीकृत विधामा उच्च शिक्षा अध्ययनको लागि छात्रवृतिको व्यवस्था जारी राखिनेछ। कोभिड-१९को संक्रमणबाट मृत्यु भएका परिवारका छात्रछात्राको शिक्षा प्राप्तिको अधिकार संरक्षित गर्न छात्रवृत्तिको ब्यवस्था गरिनेछ ।

विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा हुने सुनिश्चित गरिनेछ। **"बालबालिकालाई विद्यालय ल्याऔ र पढाईमा टिकाऔ"**कार्यक्रमलाई थप प्रभावकारी बनाई नगरपालिकाभर अभिभावक शिक्षा सञ्चालन गरिनेछ । विद्यालय स्तरमा विज्ञान शिक्षालाई प्रभावकारी र रुचिकर बनाउन वैज्ञानिक सिकाई विधिमा जोड दिईनेछ । हरेक माध्यमिक विद्यालयहरुमा क्रमश:विज्ञान प्रयोगशाला स्थापना गरिनेछ । प्राविधिक जनशक्तिको अभाव हटाउन प्राविधिक शिक्षा विस्तार गरिनेछ । आठविसकोट नगरपालिकामा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षालयहरुको स्तरोन्नति गरिनेछ । ५ वर्षमुनिका बालबालिकाको सर्वाङ्गीण विकासका लागि नगरपालिकामा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको क्षमता विकास गर्नुका साथै प्रोत्साहित गरिनेछ ।

सार्वजनिक माध्यमिक विद्यालयमा क्रमश: सुचना प्रविधि प्रयोगशाला र ईन्टरनेट सुविधा पुर्याई शिक्षामा आधुनिक प्रविधिको प्रयोगमा जोड दिईनेछ ।कोभिड-१९ को प्रभावलाई मध्येनजर गरि बैकल्पिक शिक्षण सिकाई कार्ययोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।बालबालिकाको पोषण स्तरमा सुधार ल्याउन र शैक्षिक सत्र पुरा नगरी बीचमा नै कक्षा छोडने समस्या समाधान गर्न सार्वजनिक विद्यालयका कक्षा ५ सम्मका सबै बालबालिकालाई दिवाखाजा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ । नगरपालिका भरी उच्च शिक्षा आर्जनको एउटै मात्र संस्थाको रुपमा रहेको राडीज्यूला शिक्षा क्याम्पसको भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापनमा जोड दिइनेछ ।

माध्यमिक तहका विधार्थीहरुलाई दैनिक पठनपाठनको अतिरिक्त विविध नगरस्तरीय प्रतियोगिता, खेलकुद र संगीत लगायतका अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रोत्साहित गरिनेछ । नगरपालिका क्षेत्रका विद्यालयमा रहेको शिक्षक कर्मचारीको अभावको परिपूर्ति गर्न नगरपालिकाले ब्यवस्था गरेको करार शिक्षक/कर्मचारीहरुको प्रबन्धलाई जारी राखिनेछ । बाल शिक्षा तर्फका शिक्षकहरुको तलबको ब्यवस्था संघिय सरकारले तोके अनुसार हुने र अन्य सबै तहका करार शिक्षक/कर्मचारीहरुको प्रोत्साहनका लागि यथोचित प्रबन्ध गरिनेछ । विद्यालयको सर्वपक्षीय विकासका लागि विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक/कर्मचारी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिमका अतिरिक्त स्थलगतअवलोकन तथा भ्रमणको व्यवस्था गरिनेछ।

**ख. युवा तथा खेलकूद सम्बन्धी नीति :-**

सार्वजनिक निर्माणमा युवाहरुको सहभागिता र नेतृत्व स्थापना गर्न विशेष पहल गरिनेछ । प्रधानमन्त्री तथा मुख्यमन्त्रि रोजगार कार्यक्रममा युवा सहभागितामा जोड गरिनेछ । उद्योग, ब्यवसाय आदिमा युवा

शक्तिको परिचालन गर्ने नीति लिईनेछ । विद्यालय स्तरिय खेल प्रतियोगिताहरुलाई निरन्तरता दिईनेछ । खेल मैदानहरुको निर्माण, खेल सामाग्रीहरुको वितरण आदि कार्यहरुलाई निरन्तरता दिईनेछ ।

नगर प्रमुख

**ग. स्वास्थ्य सम्बन्धी नीति:-**

**स्वास्थ्य नै जीवन** हो भन्ने आदर्श वाक्यलाई आत्मसात गर्दै सबै नगरबासीको पहुँचमा विस्तार भएको स्वास्थ्य सेवालाई गुणस्तरीय र भरपर्दो बनाइने छ । विश्वलाई नै आतङ्कित बनाइरहेको कोभिड-१९ को महामारीले यस नगरपालिकालाई पनि सताइरहेको छ । महामारीबाट आम नगरबासीको जीउ धनको सुरक्षा गर्न महामारी नियन्त्रणका लागि आवश्यक तयारीका सबै कार्य गरिनेछ । नगर अस्पतालमा भौतिक पूर्वाधार तथा औजार उपकरण व्यवस्थित गरी विशेषज्ञ सेवा थप गरिनेछ । विषेशज्ञ सेवा सुचारु भएका आँखा उपचार, आयुर्वेद सेवालाई थप व्यवस्थित बनाउदै थप सेवाको रुपमा हाडजोर्नी सेवा, सि. एस. र दाँत उपचार सेवा समेत संचालनमा ल्याइनेछ । आठविसकोट नगर अस्पताललाई टिचिङ अस्पतालको स्वरुपमा बनाई प्राविधिक स्वास्थ्य विषयको पठनपाठन हुने व्यवस्थाको लागि पहल थालिनेछ ।

सबै स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको मापदण्ड निर्माण गरि लागु गरिनेछ र स्वास्थ्यप्रद ज्ञान,सीप,धारणा र व्यवहारको अवलम्बनका लागि स्वास्थ्यकर्मी परिचालन गरिनेछ । टेलिमेडिसिन सेवालाई गोतामकोट,स्यालाखदी र ज्यामिरकोटमा रहेका स्वास्थ्य चौकीहरुमा विस्तार गरिनेछ । गोतामकोट र स्यालाखदि स्वास्थ्य चौकीलाई ल्याव र यु.एस.जी. तथा स:शुल्क फार्मेसी सेवा सहितको बनाइनेछ ।

नगर अस्पतालको लागि थप एउटा एम्बुलेन्स खरिद गरी संचालनमा ल्याइनेछ । नगरपालिकाका सबै घर परिवारलाई **स्वास्थ्य विमा कार्यक्रम**मा आवद्ध गरी सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा पुर्याइनेछ । विपन्न परिवारको लागि स्वास्थ्य विमा गरिदिने कार्यक्रमलाई निरन्तरता दिईनेछ । सबै नागरिकको **ब्लड प्रोफाईल(Blood Profile)** तयार गरि भैपरि आउने आपतकालीन अवस्थाको लागि रगतको सहज आपूर्ति हुनसक्ने आबस्यक प्रबन्ध गरिनेछ ।

**घ. सामाजिक सुरक्षा तथा समावेशीकरण सम्बन्धी नीति :-**

बालबालिका, अपांगता भएका व्यक्तिहरु, वृद्ध-वृद्धाहरुलगायत लक्षित वर्गको संरक्षण, सशक्तिकरण र क्षमता विकासका लागि सामाजिक सुरक्षा र सम्मानको ब्यवस्था गरिनेछ । सदियौं देखि पछी पारिएका महिलाहरुको आर्थिक,सामाजिक,साँस्कृतिक रुपान्तरणमा विशेष जोड दिइनेछ । नारी दिवस तथा लैगिक हिंसा विरुद्ध सञ्चालन गरिने विभिन्न जनचेतनामूलक दिवसीय कार्यक्रमहरुलाई प्रभावकारी,फलदायी तथा परिणाममुखी बनाइनेछ । नगरपालिकामा गठित विभिन्न महिला सहकारी तथा समुहलाई सकृय,जुझारु बनाउनविभिन्न सीपमुलक तालिम तथा क्षमता अभिवृद्धी गराई रोजगारी र आयआर्जनमा जोड दिइनेछ । यूगौं देखि पछि पारिएका दलित,महिला तथा अन्य महिलाहरुको जिवनस्तर माथि उकास्न विशेष पहल गरिनेछ । महिलाहरुलाई सशक्तीकरण गर्न विभिन्न कार्यक्रम, तालिम गोष्ठी गर्नको लागी महिलाहरुको नगर स्तरिय आफ्नै भौतिक संरचना निर्माण गरिनेछ ।



गोर्ख बहादुर के.सी.

सहिद तथा वेपत्ता योद्वाका परिवार, घाइते योद्वाहरुको यथोचित व्यवस्थापन तथा द्वन्द्व प्रभावित व्यक्तिहरुको यथोचित र दिगो व्यवस्थापन तथा सम्मानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

टुहुरा बालबालिका, विशेष क्षमता भएका बालवालिकाहरुको संरक्षण एवम् पठनपाठनको आवश्यक व्यवस्थापन गरिनेछ। महिला, दलित, आदिवासी जनजाति, पिछडीएको क्षेत्रका अगुवा कार्यकर्ताहरुको क्षमता विकासको लागि तालिम तथा भ्रमणको व्यवस्था गरिनेछ।

वालविवाहलाई अन्त्य गर्न उमेर पुगी विवाह गर्ने जोडीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने निती लिइनेछ। समाजमा जगेडिएर रहेका महिला विरुद्धका विभिन्न कुरिती कुसंस्कार विरुद्ध रेडियो कार्यक्रम,विज्ञापन र सडक नाटक जस्ता कार्यक्रमहरु संचालन गरिनेछ। अति गरिव एकल महिलाहरुको जिविकोपार्जनका लागी अनुदान रकमको व्यवस्था गरिनेछ। विभिन्न स्तरका महिलाहरुका लागी क्षमता अभिवृद्धी तथा नेतृत्व विकास जस्ता तालिमहरु संचालन गरिनेछ। हिंसाबाट पिडीत महिलाहरुलाई मनोपरामर्श सेवाको व्यवस्था गरिनेछ।

## २) पूर्वाधार विकासको क्षेत्र:-

### क. सडक तथा पुल-पुलेसा:-

नगर भित्रका सबै सडकको समयमै मर्मत संभार गरिनेछ। दाँजे-खदि सडक निर्माण गर्न विशेष पहल गरिने छ। वडा नं.१,२ र ३ लाई आ.ब.२०७८/०७९ भित्र जोड्न प्रयास केन्द्रित गरिनेछ। पहाडा, पाटागाउ, छिमि, जागे जलिगार जस्ता दुर दराजका गाउँहरु सम्म सडक संजाल पुर्याउन निर्माण कार्य अगाडि बढाईनेछ। नगर सडक यातायात गुरुयोजना अन्तर्गतका परेका खोला, नदीहरुमा मोटर पुल निर्माणको पहललाई थप तिब्रता दिईनेछ। लामो सूचीअन्तर्गतका झो.पु.हरुलाई प्राथमिकताको आधारमा निर्माण कार्य जारी राखिनेछ। नगरपालिका भित्रको सार्वजनिक यातायातको असहजता तथा कठिनाई हटाउन नगरपालिकाले केहि मुख्य रुटमा बस सेवा संचालन गरिनेछ।

### ख. सिंचाई खानेपानी तथा सरसफाई:-

प्रदेश तथा संघिय सरकारसंगको समन्वयमा गोतामकोट बृहत खानेपानी तथा सिंचाई योजना पूरा गरिनेछ। राडिज्युलाको खानेपानी तथा बगर सिंचाईको ब्यवस्था पुरा गरिनेछ। वर्षौं पूरानो चौर सिंचाई आयोजना संचालनमा ल्याईने छ। चोभाखोला, अनाह, होली, चिला, घारीखोला, गैरीचौर, बाँकेज्युला र राडीज्युला बगर सिंचाई योजना पुरा गरिने छ। किबी तथा ओखर पकेट क्षेत्रमा सिंचाई आयोजना संचालन गरिनेछन्।

### ग. विद्युत तथा वैकल्पिक ऊर्जा सम्बन्धी नीति:-

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

कोभिड-१९ को कारण ग्रामीण विद्युतिकरणमा केहि ढिलासुस्ती जस्तो देखिए पनि आ.ब.२०७८/०७९ भित्र नगरका सबै वडामा केन्द्रिय प्रशारण लाईनको विद्युत पुर्याईनेछ। रुकुम (पश्चिम)का सबै स्थानीय तह र नीजि क्षेत्र समेतको लगानीमा निर्माण गर्न लागिएको स्यार्पु हाईड्रो पावर कम्पनीको निर्माण कार्य आ.ब.२०७८/०७९ भित्रशुरु हुने भएकोले उक्त आयोजनाका अधिकतम शेयर लिने गरि बजेट ब्यवस्थापन गरिनेछ।

**घ. सूचना तथा संचार सम्बन्धी नीति:-**

आ.ब.२०७८/०७९ भित्र नेटी लेखको टावर संचालनमा ल्याउन, घेत्माको टावरमा विद्युत ब्यवस्थापन गरी फोर.जी.(4G) सेवा संचालन गर्न, राडीज्युलासम्म अप्टीकल फाईबर लाईन पुर्याउन र ल्याण्ड लाइनको वितरण गर्न तथा राडिज्युलामा थप टेलिफोन टावर संचालन गर्ने कार्य नेपाल टेलिकम मार्फत सम्पन्न गरिनेछ। थप केहि सार्वजनिक विद्यालयमा इन्टरनेट जडान गरिनेछ।

**ङ. भवन तथा निजी आवास सम्बन्धी नीति:-**

राष्ट्रिय भवन संहिता सम्बन्धी नीति पूर्ण रुपमा पालना गर्ने नीति लिइनेछ। नक्सापास पास नगरी घर टहरा निर्माण गर्ने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ। विद्यालय लगायत सबै सार्वजनिक निकायहरुमा भूकम्प प्रतिरोधी पक्की भवन निर्माण गर्ने नीति रहनेछ। नगरपालिकाको प्रशासनिक भवन निर्माणको कार्य थालनी गरिनेछ।सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत संघीय तथा प्रदेश सरकारको समन्वय तथा सहयोगमा नगरपालिकाका सबै असुरक्षित तथा फुसका छाना भएका नीजि घरहरु टिनको छाना मार्फत विस्थापन गर्ने कार्यलाई यस आ.व मा पनि निरन्तरता दिइनेछ। जोखिमयुक्त क्षेत्रको पहिचान गरी ब्यवस्थित आवास क्षेत्र निर्माण कार्यको लागि आवश्यक पहल गरिनेछ।

**३) आर्थिक विकासको क्षेत्र:-**

जनताको एकता, श्रम र उत्पादन नै आर्थिक विकासको आधार हो। सामूहिक श्रम र नविनतम प्रविधिहरुको प्रयोग मार्फत उत्पादन बृद्धि गर्दै समाजबाद उन्मुख आर्थिक विकासको आधार तयार गर्नु नगरको मूल आर्थिक नीति हुनेछ। यहि नीति अन्तर्गत विभिन्न क्षेत्रको विकासमा जोड रहनेछ :-

**क. कृषि तथा पशुपालन सम्बन्धी नीति :-**

**" कृषि योग्य जमिनमा पानी र प्रविधि, श्रमिकहरुको सहकार्यमा समाजवाद उन्मूख समृद्धि"** भन्ने मूल नारा र धेयका साथ कृषि क्षेत्रलाई अगाडि बढाईनेछ। यो क्षेत्र नगरको समग्र आर्थिक विकासको आधार तथा मेरुदण्डको रुपमा विकसित गरिनेछ। विभिन्न तहका सरकारहरुको समन्वयमा निर्माणाधिन सिचाई आयोजनाहरु पूरा गरिनेछ। नगर कृषि तथा पशु सेवा केन्द्रको सबलीकरण, आम रुपमा सिंचाईको ब्यवस्थापन र प्रविधिको प्रयोग तथा नश्ल सुधारमा लगानी केन्द्रित गरिनेछ।

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

समग्र कृषि उत्पादनको क्षेत्रलाई निर्यातमुखी बनाइनेछ । गाई भैँसी र भेडा बाख्राको फर्म विकासमा जोड गरिनेछ । विभिन्न फलफुलका विरुवाहरुको वितरण, खोप र किटनाशक औषधीहरुको वितरण, नश्ल सुधार,जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । जनयुद्धको क्रममा जनसत्ताद्वारा रजिष्ट्रेसन गरीएका घर जग्गाहरुको मालपोत कार्यालयमा अद्यावधिक गर्ने क्रममा वा अद्यावधिक नभई आर्थिक नोक्सानी व्यहोर्नु परेका किसानहरुलाई कृषी तथा पशुपालन व्यवसाय सञ्चालनका लागि केही अनुदानको व्यवस्था गरिनेछ ।

**ख. उद्योग तथा वाणिज्य सम्बन्धी नीति:-**

**"स्थानीय स्रोत साधन र सीपमा आधारित उद्यममा वृद्धि,आठविसकोट नगरमा स्वरोजगार सहितको समृद्धि"**को मूल नारामा आधारित रही उद्योग तथा वाणिज्य नीति निर्देशित रहनेछ । उत्पादनका साधन माथि किसान मजदुरहरुको सामूहिक स्वामित्व विना समाजवादको जग उठाउन संभव नहुने कुरामा हामी स्पष्ट छौं । तसर्थ, सबैजसो उद्योगहरुको स्थापना र संचालनमा सामूहिक स्वामित्व स्थापित गर्न जोड गरिनेछ । उद्योगहरुको लागि विद्युतको ब्यवस्था गर्न जोड गरिनेछ ।

स-साना परम्परागत उद्योगहरुलाई आधुनिकीकरण गर्दै स्वरोजगार सृजना हुने गरि प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ । बजार भाउ तथा महंगी नियन्त्रण गर्न र गुणस्तरीय उपभोग्य सामाग्रीको विक्रि वितरण हुने ब्यवस्था गर्न निरन्तर निगरानी र प्रयास जारी रहनेछ ।

संघीय तथा प्रदेश सरकारको समन्वयमा निर्माणाधिन उद्योगहरुलाई आ.व. ०७८/०७९ भित्र सञ्चालनमा ल्याईनेछ । कर्णाली वेभरेज, स्यार्पू हाइड्रो, स्यार्पू कृषी कम्पनी र काष्ठ उद्योगमा नगरपालिकाले लगानी गरी मुनाफा लिन नगरपालिकाको आम्दानी बढाउने कुरा सुनिश्चित गरिनेछ । यी उद्योगहरुका लागि आन्तरिक तथा बाह्य ऋणको व्यवस्था गर्ने नीति लिइनेछ ।

**ग. संस्कृति तथा पर्यटन सम्बन्धी नीति:-**

**" विभेद रहित सामाजिक मुल्य मान्यता र संस्कृति, समाबेशी तथा समन्यायिक समृद्धि "** भन्ने नारामा केन्द्रित हुदै सामाजिक सुरक्षा तथा रुपान्तरण सम्बन्धी कार्यक्रमहरु अगाडि बढाईनेछ । परम्परागत लोक संस्कृतिको संरक्षण र विकासको लागि विभिन्न प्रतियोगिताहरुको आयोजना, वाद्यवादनका सामाग्री हस्तान्तरण लगायतका कार्यक्रमहरु गरिनेछ । सामाजिक  कार्य र संस्कारहरुको कार्यान्वयन सहजताको लागि केही पूर्वाधारको विकास गरिनेछ ।

कोरोना माहामारीको कारण पर्यटकीय गतिविधिमा अंकुश लागेको अवस्था छ । संघ तथा प्रदेश सरकारको समन्वय तथा साझेदारीमा आत्रेय ऋषिको मन्दिर निर्माण, साईकुमारी मन्दिर तथा काँडा दह  क्षेत्रको विकास, राडिज्युलामा लक्ष्मीनारायणको मन्दिर निर्माण तथा अन्य केहि स- साना मन्दिरको संरक्षण तथा पुनर्निर्माणगरिनेछ ।

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

**घ. सहकारी, गरिबी निवारण तथा रोजगार ब्यवस्थापन सम्बन्धी नीति:**

सहकारीहरुलाई प्रोत्साहन गर्दै उत्पादनमूलक क्षेत्रको मुख्य संगठन तथा समाजबाद उन्मूख अर्थब्यवस्थाको आधारको रुपमा विकसित गर्दै लगिनेछ। गरिबी निवारणको लागि विभिन्न आय आर्जन मूलक कामहरुलाई ब्यवस्थित गरिनेछ।

कोरोना माहामारी समेतले सिर्जना गरेका रोजगारी क्षेत्रमा समस्याहरु समाधान गर्न विषेश पहल गरिनेछ। स्वरोजगार मूलक उधमहरुको विकासमा जोड गरिनेछ। सार्वजनीक निर्माणको क्षेत्रमा रोजगारी सिर्जना हुने गरी ब्यवस्थापन गरिनेछ। प्रधानमन्त्री तथा मुख्यमन्त्रि रोजगार कार्यक्रमको प्रभावकारी संयोजन गर्न रोजगार ब्यवस्थापन गर्न रोजगार सूचना तथा ब्यवस्थापन इकाई संचालन गरिनेछ।

**४) वन, वातावरण, भू-संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति:-**

नगरपालिका भित्रको खास वन क्षेत्रको खास उत्पादनको अध्ययन गरिनेछ। औषधीजन्य, मसलाजन्य, रेसादार र काष्ठजन्य वन पैदावार कुन क्षेत्रमा के कति छ र व्यवसायिक उत्पादनको संभावना के कस्तो छ भन्ने सन्दर्भमा अध्ययन गरि एक प्रतिवेदन तयार गरिनेछ।

सार्वजनिक निर्माण कार्यले वातावरणमा पारेको नोक्सानीलाई कम गर्न वृक्षारोपण, तटबन्ध निर्माण आदीमा जोड गरिनेछ। आम वातावण स्वस्थ राख्न वास प्लान (WASH PLAN) को कार्यान्वयनमा जोड गरिनेछ। जलवायू अनुकुलनका गतिविधीहरु सञ्चालनमा रहनेछन।

नगरपालिकाका घना बस्तीहरुमा ढलनिकासको प्रबन्ध गरिनेछ। नगरपालिकाको केन्द्र रहेको बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त स्थान छनोट गरी ल्यान्डफिल्ड साईट निर्माण गरी सञ्चालनमा ल्याइनेछ।

**५) संस्थागत विकास सुशासन तथा सेवा प्रवाह सम्बन्धी नीति :-**

**क. संगठनात्मक विकास तथा मानव संशाधन, संस्थागत क्षमता विकास,स्रोत परिचालन र सुशासन :**

सार्वजनिक प्रशासनलाई स्वच्छ, सेवामूखी, छरितो तथा पेशागत अनुशासनप्रति प्रतिबद्ध बनाईनेछ। सेवा प्रबाहलाई छरितो बनाउन प्रविधिको प्रयोगमा विषेश जोड गरिनेछ। भ्रष्टाचारजन्य गतिविधि वा मनोमानी खर्च लेख्ने एवं सार्वजनिक सम्पत्तिको लापरवाहीपूर्ण प्रयोग गर्ने प्रबृत्तिप्रति शुन्य सहनशिलताको नीति रहनेछ। बजेट र सबै सार्वजनिक सम्पत्ति हामीले संरक्षण र सहि सदुपयोग गर्नु पर्ने जनताको नाँसो हो। यस प्रति लोभ देखाउने वा कुदृष्टि राख्ने जोकोहिलाई कार्वाहीको प्रक्रियामा लगिनेछ। सबै सार्वजनिक खरिद प्रक्रियाहरुलाई पूर्णत प्रतिस्पर्धात्मक बनाईनेछ। सार्वजनिक निर्माणको कार्यमा जनसहभागिता सुनिश्चित गरिनेछ।सार्वजनिक सुरक्षाको प्रबन्ध गर्न सुरक्षा संयन्त्रको परिचालन र सहकार्यलाई थप ब्यवस्थित गरिनेछ।

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

राज्यको नीति र नगरपालिकाको आन्तरिक राजस्व क्षमताको आधारमा नगरपालिकामा कार्यरत सबै कर्मचारीहरुको समयानुकुल सेवा सुविधामा बृद्धि गरी दिलो ज्यानले तोकिएको कार्यक्षेत्रमा खट्ने वातावरणको सिर्जना गरिनेछ । अनावश्यक देखिएका कर्मचारीहरुको दरबन्दी तथा सेवा सुविधा कटौती गरिनेछ ।

सूचना तथा तथ्याङ्क ब्यवस्थापनको कार्यलाई थप ब्यवस्थित गरिनेछ । सबै शाखा तथा वडा कार्यालयहरुबाट भएका कामहरुको मासिक प्रतिबेदन तोकिएको समयमै हुने ब्यवस्था गरिनेछ । कार्यसम्पादन क्षमता अभिबृद्धिको लागि विभिन्न पेशागत तथा क्षमता विकास तालिमहरु संचालन गरिनेछ । प्राविधिक सेवाका कर्मचारीहरुलाई विभिन्न स्तरका तालिममा सहभागि हुने ब्यवस्था मिलाईनेछ । कार्यालय ब्यवस्थापनलाई थप चुस्त दुरुस्त बनाईनेछ ।

सामाजिक उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई तथा सबै कामकाजको सार्वजनिकिकरणको ब्यवस्था गरिनेछ । सार्वजनिक जवाफदेहिताको लागि सार्वजनिक सूचना प्रबाहका माध्यमहरु, रेडियो, छापा, मिडिया, सामाजिक संजाल आदिको प्रयोगलाई प्रोत्साहन गरिनेछ । राज्यको चौंथो अंगको रुपमा रहेको पत्रकारिता क्षेत्रको विकास तथा प्रोत्साहनको ब्यवस्था गरिनेछ ।

**ख. सरकारी तथा गैह्र- सरकारी संस्था सम्बन्धी नीति:-**

नगरपालिका क्षेत्रमा कार्यान्वयन हुने विभिन्न तहका सरकारहरुको योजना तथा कार्यान्वयनको अवस्थाको अनिबार्य अभिलेखिकरणको ब्यवस्था गरिनेछ । योजनाहरुको अनुगमन तथा मुल्यांकनमा नगरपालिकाको सहभागिता हुने ब्यवस्था गरिनेछ । सबै गैह्र सरकारी क्षेत्रका संघ संस्थाहरुले नगरपालिकामा कार्यन्वयन हुने आयोजनाहरुको बजेट तथा कार्यक्रम नगर कार्यपालिका बाट स्वीकृत गराउने प्रबन्ध गरिनेछ ।

**ग. समन्वय तथा सहकार्य सम्बन्धी नीति:-**

संघ, प्रदेश र स्थानिय तह वीच समन्वय, सहकार्य र सह अस्तित्वको अवस्था सृजना गर्न सके मात्र संघिय व्यवस्था भित्र जनताका अपेक्षाहरु सजिलो संग पूरा गर्न सकिन्छ । तसर्थ,नगर सरकार माथिल्लो तहका सरकारहरु संग सहकार्य र समन्वय गर्न निरन्तर प्रयत्नरत रहनेछ । साथै, नगरपालिकाको अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा एक समन्वय इकाई खडा गरि कार्यको थालनी गरिनेछ ।

अन्त्यमा,यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न अवसर प्रदान गर्नुहुने आठविसकोट नगरबासी सम्पूर्ण जन समुदायप्रति हार्दिक आभार ब्यक्त गर्दछु । नगरको समृद्धिको सपना पूरा गर्न अहोरात्र क्रियाशिल सबै जनप्रतिनिधीहरु, राष्टसेवक कर्मचारीहरु, सुरक्षाकर्मी तथा पत्रकारहरु सबैलाई धन्यबाद दिन चाहन्छु ।

यो नीति तथा कार्यक्रम निर्माणमा विशेष मार्गदर्शन गर्नुहुने तथा नगर बासीका ज्वलन्तसमस्या र अप्ठ्याराहरु हटाउन निरन्तर नगरपालिकासंग सहकार्य गर्नुहुने पूर्व गृहमन्त्रीमा. श्रीजनार्दन शर्मा (क.प्रभाकर)लाई यो अवसरमा यहाँका जनताको तर्फबाट हार्दिक आभार ब्यक्त गर्दछु । संघ तथा प्रदेशमा



गोर्ख बहादुर के.सी.

प्रतिनिधित्व गर्नुहुने सबै जनप्रतिनिधिज्यु हरुमा आभार ब्यक्त गर्दछु । महत्वपूर्ण  रायसुझावहरु पेश गर्नुहुने विभिन्न संघ- संस्थाहरु, शाखाहरु, राजनैतिक दलहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**प्रमाणित गर्ने अधिकारी**

दस्तखत:

नाम: गोर्खबहादुर के.सी.

पद: नगर प्रमुख

कार्यालय: आठविसकोट नगरपालिका

रुकुम (पश्चिम)

मिति: २०७८/०३/३१ गते